नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.......................................................शाखा)

प.सं.: सिंहदरबार, काठमाण्डौ

च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८० माघ २३ गते मंगलबार सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, माननीय कानून, न्याय तथा मानव अधिकार समितिका सभापतिज्यू, संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु, नागरिक समाजका प्रतिनिधि एवं मानव अधिकारकर्मीहरुको उपस्थितिमा मानव अधिकार पुरस्कार, २०८० वितरण समारोह आयोजना गरियो।

सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ५०औं वर्षलाई मानव अधिकार वर्षको रुपमा मनाउने गरी संयुक्त राष्ट्र संघले गरेको निर्णय अनुसार नेपालमा पनि मानव अधिकार वर्ष मनाउन विगतका वर्षमा झै यस वर्ष पनि मानव अधिकार पुरस्कारका लागि विश्वव्यापी रुपमा अवलम्बन गरिएका छनौटको प्रक्रियाको अनुसरण गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका क्षेत्रमा पुऱ्याउनु भएको विशिष्ट योगदानका आधारमा व्यक्ति तर्फ डा. श्री रेणु राजभण्डारी र संस्थातर्फ श्री मधेश मानव अधिकार गृह (माहुरी होम) लाई सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूबाट रू. १,११,१११/- (अक्षरेपि एक लाख एघार हजार एक सय एघार रूपैयाँ) पुरस्कार राशी सहित सम्मानपत्र प्रदान गर्नुभयो।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले मानव अधिकार बिना मानवीय मर्यादा, मूल्य मान्यता र मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई नेपाल सरकारले स्वीकार गरी मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनलाई उच्च प्राथमिकता प्रदान गर्दै आएको व्यक्त गर्नु भयो। मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनको कार्य गैरसरकारी संस्था, नागरिक समाजसँग समन्वयात्मक रुपमा गर्नु आवश्यक भएको भन्दै पुरस्कार प्राप्त गर्नु हुने डा. श्री रेणु राजभण्डारी र श्री मधेश मानव अधिकार गृह (माहुरी-होम) लाई बधाई तथा शुभकामना दिनु भयो। माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले मन्तव्यका क्रममा मानव अधिकार सम्बन्धी दस्तावेजबाट श्रृजित दायित्वहरुको परिपालना गर्दै मानव अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धनलाई संस्कारको रुपमा विकास गर्ने जिम्मेवारी हामी सबैको साझा विषय भएको भन्दै पुरस्कार प्राप्त गर्नुहुने दुवैलाई बधाई ज्ञापन गरी मानव अधिकारको क्षेत्रमा निरन्तर सक्रिय भई अगाडि बढ्न अनुरोध गर्नु भयो।

मन्तव्यका क्रममा डा. श्री रेणु राजभण्डारी र मधेश मानव अधिकार गृह (माहुरी-होम) का तर्फबाट श्री रविन्द्रनाथ ठाकुरले मानव अधिकार पुरस्कारबाट सम्मानीत हुन पाएकोमा खुशी भएको, पुरस्कारले मानव अधिकारको क्षेत्रमा थप सक्रिय भई कार्य गर्न हौसला प्रदान गरेको भन्दै नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्नु भयो।

मिति २०८०।१०।२३

सह-प्रवक्ता